नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन नं. ०१५३६५९०८

बबरमहल,
काठमाडौं, नेपाल।

मितिः २०८१/०६/१२
ने.स. ११४४

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काठमाडौं

## जिल्ला प्रशासन कार्यालय, काठमाडौंको जनहितमा जारी सूचना!!!

अझैसम्म पनि मनसुन सक्रिय रही देशका विभिन्न भागमा मेघ गर्जन/चटयाङ्ग सहित भारी बर्षा भइरहेकोमा काठमाडौं जिल्लामा पनि अविरल वर्षा भई काठमाडौं उपत्यकाका विभिन्न स्थान डुवानमा परेको तथा यस जिल्ला भई बहने नदी तथा खोलाहरुमा जल सतहले खतराको तह पार गरेको र नदी तथा खोलाहरुको बहाव अझै बढ्न सक्ने सम्भावना रहेको हुँदा अत्यावश्यक काम परेमा बाहेक नदी तटीय क्षेत्रमा आवतजावत नगर्न तथा अन्य क्रियाकलाप नगर्न/नगराउनुहुन अनुरोध छ। थानकोट-नागढुङ्गा-नौबिसे सडकखण्ड र बल्खु-दक्षिणकाली-सिस्नेरी सडकखण्डको ठाउँ ठाउँमा भारी बर्षाले पहिरो झरी बाटो अवरुद्ध भएको साथै कतिपय ठाउँहरुमा पहिरोको जोखीम कायमै रहेको हुँदा हाललाई उक्त सडक खण्डहरुमा सवारी सञ्चालनमा पूर्ण रुपमा रोक लगाइएकोले सम्पूर्ण सवारी धनी एवम् यात्रु महानुभावहरुलाई सो सडकखण्ड हुँदै सवारी नचलाइदिनुहुन तथा यात्रा नगरी यथास्थानमै बसी सुरक्षित रहनुहुन अनुरोध छ। भारी बर्षा एवम् ठाउँ ठाउँमा आएको पहिरोका कारण कतिपय सवारी साधनहरु र यात्रु महानुभावहरु सडकको विच बाटोमै रोकिनुपर्ने अवस्था भएकोले सबै यात्रु महानुभावहरुमा धैर्यधारण गरी बसिदिनुहुन अनुरोध छ। साथै सडकको अवस्थाका विषयमा जानकारी लिनुपरेमा नजिकको प्रहरी कार्यालय एवम् ट्राफिक प्रहरीको हटलाईन १०३ मा सम्पर्क गरी जानकारी लिनुहुन समेत अनुरोध छ। विपद्जन्य कुनै घटना घटेमा नजिकको प्रहरी कार्यालय वा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रको फोन नं. ९८५१३३८३२२/९८५१३६२९३७/९८५१३६२९३७ मा सम्पर्क गरी जानकारी गराउनुहुन समेत सम्बन्धित सबैमा हार्दिक अनुरोध छ।

२०८१।६।१२

.........................
(माधब प्रसाद ढुंगाना)
स.प्र.जि.अ./प्रवक्ता